नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ३ २०७८ साल साउन ४ गते सोमबार (19 July 2021 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जनकपुर-जयनगर रेल्वे ... ३ पृष्ठमा : अब नेपालमा नै ... ३ पृष्ठमा :देशव्यापी लकडाउन जारी ...

# उच्च अदालत जनकपुर राजविराज इजलासद्वारा एक हजार ४ सय मुद्दा फर्छ्योट

**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

उच्च अदालत जनकपुर राजविराज इजलासले आर्थिक वर्ष ०७७/०७८ मा ३ हजार १ सय ९१ मुद्दा मध्ये १ हजार ४ सय मुद्दा फर्छ्योट गरेको छ ।

वार्षिक कार्य योजनाको समिक्षा एवं पत्रकारहरुसंगको अन्तरक्रिया कार्यक्रम मार्फत अदालतले आ.ब.०७७/०७८ को कार्य सम्पादनको स्थिती विवरण सार्वजनिक गरेको हो ।




कार्यक्रममा प्रस्तुत कार्य सम्पादनको विवरण अनुसार ०७७/०७८ मा जनकपुर राजविराज इजलासले जिम्मेवारी सरेको १ हजार ४ सय १० र नयाँ दर्ता १ हजार ७ सय ९२ गरी जम्मा ३ हजार १ सय ९१ मुद्दा मध्ये १ हजार ४ सय मुद्दा फर्छ्योट गरेको जनाएको छ ।

यस्तै सप्तरी जिल्ला अदालतले जिम्मेवारी सरेको ४ हजार २ सय ७० र नयाँ दर्ता ३ हजार १ सय ६२ गरी जम्मा ७ हजार ४ सय ३२ मुद्दा मध्ये ३ हजार ३६ मुद्दा फर्छ्योट गरेको छ ।

*बाँकी तीन पृष्ठमा*

# आफैले समय मिलाएको पत्रकार सम्मेलनमा अनुपस्थित भइन् अधिकृत साह

**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

सप्तरीको तिरहुत गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत रेणुका साहले आफैले बोलाएकी पत्रकार सम्मेलनमा अनुपस्थित भएकी छिन् ।

नेपाल पत्रकार महासंघ सप्तरीको सभाहलमा आइतबार पत्रकार सम्मेलनका लागि बिहान १०:३० बजेको समय मिलाइएको थियो । तर, उनी ११:३० बजेसम्म पनि आइपुगिनन् । उनको प्रतिनिधी बनेर सोही गाउँपालिकाका इन्जिनियर खुर्सेद इक्राम र सवइन्जिनियर चन्दन यादव आएका थिए ।


अधिकृत नआउने खबर इन्जिनियर इक्रामले दिए । उनले फोन गरेर अधिकृतसँग कुराकानी



गर्दै आफू पत्रकार सम्मेलनमा नआउने जनाएपछि उपस्थित पत्रकारहरु रुष्ट हुँदै फर्किएका थिए ।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वासले यसरी पत्रकार सम्मेलनका लागि एक दिन अगावै

*बाँकी तीन पृष्ठमा*




**दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



## सम्पादकीय

### विवाद समाधानतर्फ लाग

विभिन्न स्थानिय तहमा अध्यक्ष र अधिकृतबीच मतभेद हुने गरेको छ। विभिन्न विषयलाई लिएर उक्त मतभेद हुने गरेको देखिएको छ। कुनैमा बजेटको विषयलाई लिएर त कुनैमा सम्मान तथा ओहोदाको विषयलाई लिएर मतभेद भएको देखिन्छ। यसमा सबैभन्दा बढी मतभेद बजेटमै केन्द्रित भएर देखिने गरेको छ। आर्थिक वर्षको अन्तमा काम गरेको वा नगरेको विषयमा दुबैबीच ठूलै मतभेद हुने गरेको पुष्टि भएको छ। यति मात्र नभएर दुबै पक्ष आ-आफ्नो शक्ति प्रदर्शन समेतमा उत्रिएको देखियो।

एक जना स्थानिय जनताबाट चुनिएर आएका जनप्रतिनिधि त अर्का संघीय सरकारको प्रतिनिधी दुबै जना एक अर्कामाथी दबाब बनाउन खोज्दा जनताले अनावश्यकमा दुःख पाएको अवस्था छ। दुबै जनाको जुंगाको लडाईमा जनताले दुःख पाउनु भनेको न्यायपूर्ण होइन्। यसले द्रगामी असर पुऱ्याउछ। यति मात्र नभएर यसले जनप्रतिनिधीलाई सबै भन्दा धेरै नोक्सानी पुऱ्याउने भएकाले यस्ता द्वन्दलाई समय अगावै बिस्थापित गरि जनतालाई मार्का नपर्ने गरि काम गर्नु नै उचित हुनेछ।

तसर्थ जनतालाई प्रत्यक्ष रुपमा हुने असरलाई जनप्रतिनिधिहरुले बेलामै समाधान गरि न्यायोचित कार्य गर्नुपर्नेमा ध्यान पुगोस्।

# जनकपुर-जयनगर रेल्वे ट्र्याकको गति परीक्षण सम्पन्न

धनुषा, ३ साउन (रासस)। देश कै एक मात्र बहुप्रतिक्षित जनकपुर-जयनगर रेल्वे ट्र्याकको आइतबार गति परीक्षण र सर्टिफिकेशन गर्ने कार्य सम्पन्न गरिएको छ। जयनगरबाट आएको भारतीय रेल्वेले जनकपुरधामको कुर्थास्थित मुख्य स्टेशनसम्म स्पिड परीक्षण र सर्टिफिकेशन गर्ने कार्य गरेको हो।

भारतीय कोकर्ण कम्पनीका प्रतिनिधि तथा नेपालका महाप्रबन्धक गुरु भट्टराईद्वारा संयुक्त रूपमा निरीक्षण पश्चात जनकपुरधामको कुर्था रेल्वे स्टेशनमा पूजा गरिएको थियो। स्पिड परीक्षणसम्बन्धी जानकारी दिँदै महाप्रबन्धक भट्टराईले भारतीय डब्लु डि एम थ्रीडी नामको इञ्जिन तथा दुई मालवाहक डब्बासहित आएको ट्रेन आउने बेलामा ६० प्रतिकिलो मिटरको स्पिडमा आएको र फर्कने बेलामा १२० को स्पिडमा फर्किएको बताउनुभयो। उहाँले स्पिड चेकका क्रममा भारतीय रेल्वेका ड्राइभरलाई नेपालको रेल्वे ट्र्याकसम्बन्धी ज्ञान नभएका कारण आउने समयमा ६० को स्पिडमा ल्याइएको र फर्किने बेलामा १२० को स्पिडमा फर्केको जनाउनुभयो।

महाप्रबन्धक भट्टराईले आइतबार गरिएको परीक्षण सफल भएको बताउनुभयो। उहाँले रेल ट्र्याकमा कही कतै कुनै समस्या नदेखिएको जनाउनुभयो। उहाँले लिकको समय समयमा मर्मत तथा पुलको पनि सबै काम भइसकेकाले समस्या नरहेको बताउनुभयो। ट्र्याक परीक्षण सफल रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। खजुरीदेखि कुर्थासम्म रेल आइपुग्दा कुनै पनि स्थानमा क्षति नभएको जिप्रकाले जनाएको छ। परीक्षणका क्रममा ट्र्याक तथा स्टेशनमा पर्याप्त सुरक्षाकर्मी तथा कर्मचारी खटाइएको थियो।

**पूर्वाधार र जनशक्ति तयारी अवस्थामा**

सरकारले पटक पटक नेपालमा रेल चल्ने भनेर मिति तोके पनि रेल्वे सञ्चालनमा आउन सकेको छैन। भारत सरकारको सहयोगमा रु पाँच अर्ब ४८ करोड लगानीमा पूर्वाधार निर्माण भइसकेको छ। सरकारले जिटुजी (गभर्मेन्ट टू गभर्मेन्ट) प्रक्रियामार्फत रु ८४ करोड ६५ लाख ९५ हजारमा भारतसँग खरिद गरेका दुई रेल गत वर्ष असोज २ गते जनकपुर रेल्वे स्टेशनमा आइपुगेका थिए। अगाडि र पछाडि गुड्न सक्ने सो रेल अहिले जनकपुरको इनर्वा स्टेशनमा सशस्त्र प्रहरीको निगरानीमा राखिएको छ।

# खोप अभियान व्यवस्थित गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, ३ साउन (रासस)। प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९ विरुद्धको खोप अभियानलाई व्यवस्थित गर्न सम्बन्धित निकायका पदाधिकारीलाई निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री देउवाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव लक्ष्मण अर्याल, विशेषज्ञ डा रोशन पोखरेल, स्वास्थ्य सेवा विभागका महानिर्देशक दीपेन्द्ररमण सिंह, खोप तथा बाल स्वास्थ्य महाशाखाका प्रमुख डा तारा पोखरेललगायत पदाधिकारीलाई आइतबार कोभिड-१९ को परीक्षण, उपचार, अक्सिजन तथा अन्य अत्यावश्यक सामग्रीको व्यवस्थापनमा कुनै किसिमको कमी हुन नदिन निर्देशन दिनुभयो।

कोभिड महामारीको तेस्रो लहरको तयारी, महामारी व्यवस्थापन, खोप अभियानलाई चुस्त, प्रभावकारी, झन्झटमुक्त, भीडभाडरहित ढङ्गले खोप लगाउन उहाँले निर्देशन दिनुभयो। खोप लगाउन लामो समयसम्म लामबद्ध भएर बस्नुपर्ने अवस्थाको अन्त्य, जनशक्ति तथा खोप केन्द्र थप गर्ने र महामारी नियन्त्रणमा दत्तचित्त भएर लाग्न प्रधानमन्त्री देउवाले निर्देशन दिनुभयो।

कोभिड-१९ महामारीको पछिल्लो स्थिति सम्भावित तेस्रो लहरविरुद्धको पूर्वतयारी, जारी खोप अभियान, चुनौती तथा आगामी योजनाबारे पनि उहाँले जानकारी दिनुभयो। प्रधानमन्त्री देउवाको निर्देशनअनुसार खोप कार्यक्रमलाई अझ व्यवस्थित तुल्याउन आइतबारै सचिव अर्यालले काठमाडौँ उपत्यकाका तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी र स्वास्थ्य कार्यालयका प्रमुखसँग सामूहिक छलफल गरी जनशक्ति एवम् खोप केन्द्र बढाउन निर्देशन दिनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

# थप एक हजार ८०१ मा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, ३ साउन (रासस)। नेपालमा थप एक हजार ८०१ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या सात लाख १६ हजार ४९ पुगेको छ।

थप छ हजार ६२८ को पीसीआर परीक्षण तथा तीन हजारको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो। पीसीआर विधिबाट एक हजार २२३ तथा एन्टिजेनबाट ५७८ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

हालसम्म छ लाख ३२ हजार ७४ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर एक हजार ६६७ सङ्क्रमित निको भएर घर फर्किएका छन्।

काठमाडौँ उपत्यकामा पछिल्लो समय ३३४ सङ्क्रमित थपिएका छन्। काठमाडौँमा २३४, ललितपुरमा ६४ तथा भक्तपुरमा ३६ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

पछिल्लो समय नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप २३ सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार ५५० पुगेको मन्त्रालयले जनाएको छ।

# अध्यादेश पेश

काठमाडौँ, ३ साउन (रासस)। प्रतिनिधिसभामा शपथसम्बन्धी अध्यादेश २०७८, रेल्वे अध्यादेश २०७८ लगायत अध्यादेश पेश भएको छ। प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले ती अध्यादेश सभासमक्ष पेश गर्नुभएको हो।

बैठकमा औषधि (तेस्रो संशोधन) अध्यादेश २०७८, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश २०७८ र स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश २०७८ पेश गरिएको छ।

यसैगरी गृहमन्त्री बालकृष्ण खाँणले सामाजिक सुरक्षा ( पहिलो संशोधन अध्यादेश २०७८, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) पहिलो संशोधन अध्यादेश २०७८, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश २०७८ र नेपाल नागरिकता ( पहिलो संशोधन) अध्यादेश २०७८ पेश गर्नुभयो।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री कार्की बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) अध्यादेश २०७७, यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७८ र फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश २०७८ प्रतिनिधिसभामा पेश गर्नुभयो।

बैठकमा अर्थमन्त्री जनार्दन शर्माले आर्थिक अध्यादेश २०७८, विनियोजन अध्यादेश २०७८ र राष्ट्र ऋण उठाउने अध्यादेश सभासमक्ष पेश गर्नुभयो। बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट संवैधानिक परिषद् (काम कर्तव्य र अधिकार) सम्बन्धी अध्यादेश खारेज गर्नुभएको जानकारी गराउनुभयो।

सभामुख सापकोटाले नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाले प्रतिनिधिसभामा आफूलाई प्रधानमन्त्री पदमा विश्वास छ भन्ने सूचनालाई आइतबारै बस्ने अर्को बैठकमा प्रस्तुत गरिने जानकारी पनि गराउनुभयो। सदनको आइतबारको गतिविधि नेपाल टेलिभिजनलगायतका विद्युतीय सञ्चारमाध्यम र सामाजिक सञ्जालले प्रत्यक्ष प्रसारण गरिरहेका छन्।

# ब्राउनसुगरसहित चार पक्राउ

उदयपुर, ३ साउन (रासस)। बेलका नगरपालिका-९ भतुवाबाट शनिबारराति गोप्य सूचनाका आधारमा लागुऔषध ब्राउनसुगरसहित चारजनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार ब्राउनसुगरसहित पक्राउ पर्नेमा बेलका-२ का ३७ वर्षीय विनोद परियार, बेलका-९ का ३६ वर्षीय दिनेश खड्का, बेलका-७ का २८ वर्षीय मेजरमान राई र अर्को २९ वर्षीय जीवन राई रहेका छन्।

इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाले गोप्य सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरेको र उनीहरूका साथबाट झण्डै ७५ मिलिग्राम ब्राउनसुगर बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक बेदप्रसाद गौतमले बताउनुभयो।

पक्राउ गरिएका अभियुक्तले भारतबाट सप्तरीको बाटो हुँदै ब्राउनसुगर बेलका भित्र्याइएको प्रहरीले प्रारम्भिक अनुसन्धानबाट पुष्टि गरेको छ।

पक्राउ गरिएको चारैजना व्यावसायिक लागुऔषध ओसारपसार पेशामा संलग्न रहँदै आएको र गएराति पनि गोप्य सूचनाका आधारमा उनीहरूले कारोबार गर्दै गर्दा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। पक्राउ गरिएकालाई आइतबारै प्रहरीले जिल्ला अदालतमा म्याद थप गरेर लागुऔषधसम्बन्धी मुद्दा दर्ता गरेको प्रहरीले जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अब नेपालमा नै क्यान्सरविरुद्धको औषधि उत्पादन

काठमाडौँ, ३ साउन (रासस)।
नेपालमा नै पहिलो पटक क्यान्सरविरुद्धको औषधि उत्पादन शुरु गरिएको छ। टिजिङ्ग फर्मा प्राइभेट लिमिटेडले पहिलो पटक क्यान्सरविरुद्धको औषधि उत्पादन शुरु गरेको हो। नेपालमा क्यान्सरको औषधि भारत र तेस्रो मुलुकबाट आउने गर्दथ्यो।

यहाँ आयोजित कार्यक्रममा आइतबार टिजिङ्गका कार्यकारी निर्देशक शैलेश वैद्यले क्यान्सरविरुद्धको औषधिको उत्पादन शुरु गरिएको बताउनुभयो। उहाँले औषधि व्यवस्था विभागसँग स्वीकृति लिएर औषधि उत्पादन प्रक्रिया शुरु गरिएको र एक महिनाभित्र केही औषधि व्यावसायिक रूपमा बजारमा पुग्ने जानकारी दिनुभयो।

कम्पनीले भारतको हैदरावादमा रहेको एन्टी क्यान्सर औषधि उत्पादक कम्पनीसँग प्रविधि हस्तान्तरण सम्झौता गरी नेपालमा क्यान्सरविरुद्धको औषधि उत्पादन शुरु गरेको हो। काभ्रेपलाञ्चोकको बनेपामा १६ रोपनी जग्गामा कम्पनी स्थापना गरी करीब रु ३२ करोड लगानीमा औषधि उत्पादन शुरु गरिएको हो। उहाँले तत्काल क्यान्सरसम्बन्धी पाँच औषधि उत्पादन गर्ने र पछि अरू ल्याउने योजना रहेको समेत बताउनुभयो।

कार्यकारी निर्देशक वैद्यले अत्याधुनिक प्रविधिमा बनाइएको उद्योग विश्वस्वास्थ्य सङ्गठनको जिएमपी स्टेन्डर्ड र औषधि उत्पादन संहिता-२०७३ अनुरुप बनाइएको नेपालकै नमूना कम्पनी भएको जिकिर गर्नुभयो। "क्यान्सरको औषधिले गर्दा हुने टक्सिसिटीका कारण यो औषधि उत्पादन गर्ने ठाउँमा अन्य औषधि उत्पादन गर्न मिल्दैन, अर्को कुरा हाम्रो कम्पनीमा नवीनतम् र अत्याधुनिक प्रविधि जडान भएका छन्", उहाँले भन्नुभयो।

उहाँले आफ्नो कम्पनीले उत्पादन गर्ने औषधिको मूल्य विदेशबाट आउने औषधिको तुलनामा सस्तो हुने बताउनुभयो। सो अवसरमा टिजिङ्ग कम्पनीले 'एन्टी क्यान्सर' सम्बन्धी औषधिको समेत अनावरण गरेको छ।

# पार्टीमा विवाद हुँदा सदन विघटन गरिनु लोकतान्त्रिक संस्कार होइन : अध्यक्ष दाहाल

काठमाडौँ, ३ साउन (रासस)।
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधिसभा जनताको अधिकार प्रयोग गर्ने सर्वोच्च थलो भएकाले पार्टीभित्र विवाद हुँदा यसलाई विघटन गरिनु लोकतान्त्रिक संस्कार हुन नसक्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मतका लागि गर्नुभएको प्रस्तावमा समर्थन जनाउँदै उहाँले मनोगत, अहङ्कार र व्यक्तिवादी गतिविधि आफूहरूलाई स्वीकार्य नहुने धारणा व्यक्त गर्नुभयो।

निरङ्कुशताविरुद्धको आन्दोलन दलहरू मिलेर गरेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले एक वर्षका बीचमा प्रतिनिधिसभाको विघटन र सर्वोच्च अदालतबाट पुनर्स्थापनाका घटना नेपालको इतिहासमा नभएको बताउनुभयो।

राजनीतिक स्थिरताका लागि वाम गठबन्धन हुँदै दुई तिहाइको सरकार बनाउने र पार्टी एकताको पहलकर्ताले पटकपटक संसद् विघटन भएको देख्नु दुखद भएको उहाँले बताउनुभयो। अध्यक्ष प्रचण्डले बारम्बार संविधान र लोकतन्त्रलाई मिच्ने कोसिस भएकाले नयाँ सत्ता गठबन्धन निर्माण गर्नुपरेको अवगत गराउनुभयो।

उहाँले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली देउवाको शपथग्रहण समारोह र आइतबारको सदनको बैठकमा सम्बोधन गर्न नआउनु भएकामा आफूलाई अस्वाभाविक लागेको टिप्पणी गर्नुभयो।

विगतका अनुभवका आधारमा जतिखेर पनि सदन विघटन गर्न नपाइने व्यवस्थाका लागि संविधान निर्माणका बेला बहस गरिएको स्मरण गराउँदै प्रचण्डले संविधानको ७६ (५) प्रतिनिधिसभाको विशेषाधिकार भएको स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "यस धारामा कुनै पनि दलका सांसदले बहुमत सिद्ध गर्ने सांसदलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने भनिएको छ। यो सांसदले विवेक प्रयोग गर्ने धारा हो, सर्वोच्च अदालतले त्यही व्याख्या गरेर संविधान र प्रतिनिधिसभा बचाएर गलत बाटोमा लानबाट रोकिएको छ।"

उहाँले कम्युनिष्ट पार्टीलाई एकताबद्ध तुल्याउन र पाँचै वर्ष सरकार चलाउन आफूले प्रस्ताव गरे पनि त्यसलाई सहीरूपमा पालना नगरिएको गुनासो गर्दै माओवादीको ताप सकिएको ठानेर हेप्न वा अपमानित गर्न थालिएमा पुनः आगो सल्किने चेतावनी दिनुभयो।

# संयुक्त राष्ट्र सङ्घको वरियतामा नेपाली सेना दोस्रो स्थानमा

काठमाडौँ, ३ साउन (रासस)।
नेपाली सेना संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति सैनिक पठाउने सूचीमा दोस्रो स्थानमा स्तरोन्नती भएको छ। संयुक्त राष्ट्र सङ्घको १२ शान्ति स्थापनार्थ मिशनमा सहभागी नेपाली सेना राष्ट्र सङ्घको वरियता सूचीमा तेस्रो स्थानबाट अहिले दोस्रो स्थानमा उक्लिएको हो।

राष्ट्र सङ्घले विभिन्न मिसनमा फौजको सङ्ख्या घटाइरहेका बेला नेपालको राम्रो कार्य क्षमताका कारण सङ्ख्या थपको माग भइरहेको सेनाका प्रवक्ता सहायक रथी सन्तोष बल्लभ पौडेलले जानकारी दिनुभयो।

विश्वका विभिन्न द्वन्द्वग्रस्त देशमा संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापनार्थ तैनाथ करिब १२१ राष्ट्रमध्ये सङ्ख्याका आधारमा बङ्गलादेश, नेपाल, भारत, इथियोपिया र रुवान्डा क्रमश अग्रणी छन्।

## वीमा लेख नं. हराएको सूचना

सप्तरीको बोदेबरसाइनदेखी राजविराजतर्फ आउँदै गरेको अवस्थामा २०७८ साल जेठ २० गते मेरो निम्न ब्यहोराको LIC Nepal को वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०४८१४५६० मा सम्पर्क गर्नुहोला।

**नाम : अनिता देवी साह**
**ठेगाना : बोदेबरसाइन ५, सप्तरी**
**वीमा लेख नं. : २५१७०८३३१**

# रावलद्वारा सांसद पदबाट राजीनामा

काठमाडौँ, ३ साउन (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमालेका उपाध्यक्ष भीम रावलले प्रतिनिधिसभा सदस्यबाट राजीनामा दिनुभएको छ। अछाम निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित उपाध्यक्ष रावलले अनीतिक राजनीतिक खेलमा सहभागी नहुने जनाउँदै सांसद पदबाट राजीनामा दिएको जानकारी दिनुभएको छ।

आइतबार सभामुख अग्निप्रसाद सापकोटालाई सम्बोधन गरेर लेखिएको राजीनामा पत्रमा भनिएको छ, "अनैतिक राजनीति तथा देश र जनता विरोधी राजनीतिक अभ्यासको मतियार हुनुभन्दा त्यसबाट अलग हुनु श्रेयष्कर हुने भएकाले उक्त प्रकारको दूषित खेलबाट आफूलाई अलग गर्दै प्रतिनिधिसभाको सदस्य पदबाट राजीनामा दिएको छु।"

नेकपा (एमाले)को विवाद समाधान गर्न गठित कार्यदलमा माधवकुमार नेपाल पक्षबाट संयोजक बन्नुभएका उपाध्यक्ष रावलले प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिनुअघि नै सांसद पदबाट राजीनामा दिनुभएको हो। उहाँले पछिल्लो समययममा प्रतिनिधिसभाको विघटनदेखि पुनर्स्थापना र प्रधानमन्त्रीले विश्वासको मत लिने अवस्थासम्म उच्च राजनीतिक नेतृत्व तहमा जनताको हितभन्दा निजी स्वार्थ देखिएको आरोपसमेत लगाउनुभएको छ।

### *उच्च अदालत ...*

यस्तै मातहतका अर्को सिरहा जिल्ला अदालतले जिम्मेवारी सरेको ३ हजार ८ र नयाँ दर्ता ३ हजार ५ सय १८ गरी कुल ६ हजार ५ सय २६ मध्ये ३ हजार २ सय मुद्दा फर्छयोट गर्न सफल भएको उच्च अदालत जनकपुर राजविराज इजलासका न्यायाधिश डिल्लीराज आचार्यद्वारा कार्यक्रममा प्रस्तुत कार्य सम्पादन विवरणमा उल्लेख छ।

कार्यक्रमम न्यायाधिश आचार्यले अदालत प्रशासन र न्यायप्रणालीमा सुधारका साथै नागरिकको न्यायका लागी अदालतमुखी र न्यायालयलाई नागरिकमुखी बनाउन विभिन्न कार्यक्रम अघि बढाइएको जानकारी दिए।

नागरिक मैत्रि न्यायालयको अवधारणा अनुरुप विपन्न र असाहय सेवाग्राहीलाई निशुल्क कानुनी साहयता, कारागारका कैदीबन्दीका लागी न्यायीक शिविर, न्यायीक प्रक्रियाका बारेमा सर्वसाधारणलाई जानकारी दिन समुदायमा अदालत कार्यक्रम, दोभाषे सेवा, निःशूल्क प्रोवोनो सेवा,विधुतीय डिस्प्ले बोर्ड,सुचना तथा सहयोग कक्ष लगायतका सेवा प्रदान थालिएको उनले जानकारी दिए।

यस्तै रिट निवेदनमा मुद्दाको कार्यतालिका निर्माण, अदालती सेवाबारे सबै स्थानीय तहमा परिपत्र, कर्मचारीलाई सुचना प्रविधी तथा सेवाग्राही संगको ब्यवहार सम्बन्धि तालिम, अदालतको कामलाई प्रभावकारी बनाउन न्यायाधिशहरुको संयोजकत्वमा विभिन्न समितीको गठन लगायतका काम समेत अघि बढेको उनले बताए।

### *आफैले समय ...*

समय मिलाइपनि आयोजकका तर्फबाट सम्बन्धित व्यक्ति नआउनु हास्यास्पद रहेको बताएका छन्। उनले भने, "प्रमुख प्रशासकीय अधिकृत भनेको एउटा पालिकाको प्रमुख व्यक्ति हो, उनीबाटै समयको ख्याल नहुनु अत्यन्त दुःखदायी हो।"

यसअघि शुक्रबार सो गाउँपालिकाका अध्यक्ष हेमन्त वहड्खेरले प्रमुख प्रशासकीय अधिकृतकै कारण गाउँपालिकाको झण्डै पाँच करोड रकम फ्रिज भएको भन्दै पत्रकारलाई जानकारी दिएका थिए। सोही विषय बारे अधिकृत साहले आइतबारका लागि पत्रकार सम्मेलनको समय मिलाएकी थिइन्।

## विश्व समाचार

# देशव्यापी लकडाउन जारी रहेपनि बंगलादेशमा कोरोना सङ्क्रमण बढ्दो

ढाका, ३ साउन (रासस/सिन्ह्वा)।
बङ्गलादेशमा देशव्यापीरुपमा लकडाउन गरिएको भए पनि कोरोना सङ्क्रमणको दर बढेको पाइएको छ।

बङ्गलादेशमा पछिल्लो केही दिनमा कोरोनाका सङ्क्रमित बढ्दै गएपछि दुई हप्ताअघिदेखि नै लकडाउनको घोषणा गरिएको राजधानी ढाकाबाट प्राप्त भएका समाचारमा जनाइएको थियो।

यहाँ गएको २४ घन्टामा कोरोनाका आठ हजारभन्दा बढी सङ्क्रमित देखिएका छन्। त्यस्तै शनिबारमात्र यहाँ २०४ जनाको ज्यान गएको छ।

बङ्गलादेशको सरकारले करिब महिना दिनदेखि कतै कडा र कतै केही खुकुलो खालको लकडाउन घोषणा गरेको समाचारमा जनाइएको छ।

बङ्गलादेशको प्रेस इन्फरमेसन्स डिपार्टमेन्टका तर्फबाट यहाँका स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै सो समाचार सार्वजनिक गरिएको हो।

यहाँका अधिकारीका अनुसार यहाँ हालसम्म १० लाखभन्दा बढी सङ्क्रमित पाइएका छन् भने १७ हजारभन्दा बढीको ज्यान गएको छ।

यहाँ लकडाउनका कारण प्रायःसरकारी कार्यालय तथा अदालत बन्द रहेका छन्। तर औद्योगिक क्षेत्र भने आलोपालो गरी चलिरहेका छन्।

लकडाउनमा सबै सार्वजनिक तथा निजी कार्यालय तथा अदालत बन्द छन्। तर उद्योग तथा मिल आलो पालो सञ्चालन हुने अधिकारीले जनाएका छन्।

त्यहाँको स्वास्थ्य मन्त्रालयले पछिल्लो समय सङ्क्रमण तथा मृत्युको दर पनि बढ्दै गएको जनाएको छ।

# विश्वभर तीन अर्ब ६० करोड १८ लाख ५६ हजार २९५ डोज खोप लगाइयो

बाल्टिमोर, मेरील्याण्ड, ३ साउन (रासस/एएफपी)।
विश्वभर तीन अर्ब ६० करोड १८ लाख ५६ हजार २९५ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्क यस प्रकार रहेका छन्।

चीनमा एक अर्व ४३ करोड ७६ लाख २३ हजार डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ४० करोड ४९ लाख ३१ हजार ७१५ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

अमेरिकामा ३३ करोड ६० लाख ७१ हजार ६४० डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। ब्राजिलमा ११ करोड ६४ लाख ८१ हजार ५२ डोज कोरोना भाइरसविरुद्ध लगाइएको छ।

जर्मनी आठ करोड ५६ लाख १५ हजार ४३० डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। बेलायतमा आठ करोड २६ लाख ४९ हजार ३३१ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ।

जापान छ करोड ६७ लाख १४ हजार ५२८, फ्रान्समा छ करोड ३३ लाख १९ हजार ८०५, टर्कीमा छ करोड २९ लाख ६४ हजार २४१ र इटालीमा छ करोड ११ लाख दुई हजार ९८७ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

# भारतमा थप ४१ हजार १५७ नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ३ साउन (रासस/एएनआई)।
भारतमा कोरोनाभाइरसबाट नयाँ ४१ हजार १५७ जना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार जानकारी दिएको छ। भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ११ लाखभन्दा बढी पुगेको छ।

भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या चार लाख २२ हजार ६६० रहेको अधिकारीले जनाएका छन्।

पछिल्लो एक दिनमा कोरोनाभाइरसका कारण थप ५१८ जनाको मृत्यु भएको पनि मन्त्रालयले आइतबार जानकारी दिएको छ। कोरोनाभाइरसबाट मृत्यु भएकाको कुल सङ्ख्या भारतमा अहिलेसम्म चार लाख १३ हजार ६०९ पुगेको पनि सो मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा ४२ हजार चार जना कोरोना मुक्त भएपछि भारतमा तीन करोड २६ लाख नौ हजार ७९६ व्यक्ति कोरोना मुक्त भएका छन्।

भारतको चिकित्सा अनुसन्धान परिषद्ले अहिलेसम्म कुल ४४ करोड ३९ लाख ५८ हजार ६६३ जनाको स्वाब परीक्षण गरिएको छ। ती मध्ये १९ लाख ३६ हजार ७०९ जनाको स्वाब परीक्षण जुलाई १७ का दिन भएको छ।

त्यसैगरी गत जनवरी १६ बाट भारतमा कोरोना भाइरस विरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि अहिलेसम्म ४० करोड ४९ लाख ३१ हजार ७१५ ओटा कोरोना भाइरसविरुद्धको खोप प्रयोग भएको छ।

# प्रधानमन्त्री देउवाको पक्षमा १ सय ६५ मत

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३ साउन ।**
प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गरेका छन् । उनको पक्षमा १ सय ६५ मत परेको छ ।

प्रधानमन्त्री नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधानअनुसार प्रतिनिधिसभाको आइतबारको बैठकमा उनले सो विश्वासको मत पाएका हुन् ।

आइतबार सम्पन्न मतदानमा २ सय ४९ सांसद मध्ये प्रधानमन्त्रीका पक्षमा १ सय ६५ मत र विपक्षमा ८३ मत परेको छ ।

प्रतिनिधिसभामा नेकपा (एमाले)का १२१, नेपाली कांग्रेस ६१, नेकपा (माओवादी केन्द्र) ४९ र जनता समाजवादी पार्टी नेपालका ३४, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक तथा स्वतन्त्र एक सांसद छन् ।

गत असार २८ गते अदालतको फैसलाबाट प्रतिनिधिसभा पुनर्स्थापित भएपछि असार २९ गते प्रधानमन्त्रीमा देउवा नियुक्त भएका थिए । संविधानको धारा ७६ (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ ।

# लागु औषधसहित पक्राउ परेका युवकलाई १० दिने म्याद थप



**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**
लागु औषधसहित पक्राउ परेका सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ५ जण्डौलका १९ वर्षीया मो. सदरलाई सप्तरी जिल्ला अदालतले अनुसन्धानका लागि १० दिन हिरासतमा राख्न म्याद थप गरेको छ ।

पुर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको सुरुंगा नगरपालिका ६ कडरबोना चौक नजिकैबाट उनलाई शनिवार साँझ प्रहरीले ना.१ज. ७७१२ नम्बरको माईक्रोबसबाट चार सय१४ थान लागु औषधसहित पक्राउ गरेको थियो ।

गोप्य सुचनाका आधारमा चेक जाँच गर्न इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको टोलीले गाडी रोकी चेक जाँच गर्दा सदरले बोकेको निलो झोलाबाट प्रतिबन्धित नाईट्रोभेट ट्याब्लेट ३ सय थान तथा फेनारगन, नोफिन र डाइजेलव सुई ३८/३८ थानका दरले बरामद गरेको थियो ।

# रोम विधान लागू गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**
रोम विधान लागू गर्न माग गर्दै आइतबार प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको छ ।

इन्सेकको अगुवाइमा जिल्लाका अधिकारकर्मी, कानून व्यवसायी, गैससकर्मी र सञ्चारकर्मीले प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यमार्फत प्रधानमन्त्रीलाई रोम विधानको पक्षमा ज्ञापन पत्र बुझाएको हो ।



ज्ञापनपत्रमा जुलाई १७ को अन्तर्राष्ट्रिय न्याय दिवसका अवसरमा नेपालमा विद्यमान दण्डहीनताको अपसंस्कृतिको अन्त्य गर्न, नेपालले अन्तराष्ट्रियस्तरमा गरेको प्रतिवद्धताहरूको सरकारलाई स्मरण गराउन, अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधान सम्मिलन गराउन राज्यको ध्यानाकर्षण गराएको उल्लेख गर्दै राज्यले नेपालको मानवअधिकार संरक्षण र सम्बर्द्धनका लागि रोम विधानको अनुमोदन गर्न आवश्यक छ भनिएको छ ।

त्यस्तै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान संसारका विभिन्न १२३ राष्ट्रले अनुमोदन गरिसकेको स्मरण गराएको छ । रोम विधानअन्तर्गत गठन हुने अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानूनद्वारा परिभाषित युद्धअपराध, आम नरसंहार, मानवताविरुद्धको अपराध जस्ता गम्भीर अपराधमा संलग्न हुने व्यक्तिलाई जवाफदेही बनाउनाको साथै पीडितको न्याय सुनिश्चित गर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

प्रधानमन्त्रीको विशेष ध्यानाकर्षण गर्दै पुन:स्थापित प्रतिनिधिसभाले २०६३ को साउन ९ गतेका दिन नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न निर्देशनात्मक आदेश जारी गर्दै सर्वसम्मत रूपमा उक्त प्रस्ताव पारित गरेको तथ्य ज्ञापन पत्रमा स्मरण गराइएको छ ।

टोलीमा इन्सेक जिल्ला प्रतिनिधि पोखरेल, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, जिल्ला अदालत बार एकाइका अध्यक्ष डोमन साह, एकल महिला समूहकी प्रदेश नं २ अध्यक्ष अनिता देवकोटा, नेपाल पत्रकार महासङ्घका सचिव रामनारायण विश्वास, ज्येष्ठ नागरिक महासङ्घका सचिव वैद्यनाथ झा, महिला मानवअधिकार रक्षक सञ्जालकी सचिव माधवी शाह, सामुदायिक सेवा केन्द्रकी उपाध्यक्ष ललिता कर्ण, मानव अधिकार निगरानी समूह राजविराजका अध्यक्ष रघुवर साह, समग्र जनउत्थान केन्द्रकी सुष्मा गुप्ता, लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल राजविराजकी अध्यक्ष साधना कर्ण, परिकल्पना नेपालकी अध्यक्ष सुधा देव, ओसिएमसीकी फोकल पर्सन मनिषा सिम्खडा र निलहिरा समाजका रामप्रकाश चौधरीले ज्ञापनपत्रमा हस्ताक्षर गरेका थिए ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np